**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ संख्या ३.८ मितिः २०७६/०८/२७

**भाग-२**

**देउमाई नगरपालिका**

## नगर प्रमुख छात्रवृत्तिकोष संचालनकार्यविधि २०७६

देउमाई नगरपालिका

# नगर प्रमुख छात्रवृत्तिकोष संचालनकार्यविधि २०७६

कार्यपालिकाद्वारा स्वीकृत मितिः२०७६.०८.२७

नगरसभाबाट स्वीकृत मितिः२०७७.०३.१०

प्रस्तावना :

नेपालको संविधान २०७२ बमोजिम समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उदेश्य रहेको, आर्थिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोतम हित र समुन्नतीप्रत्याभूतगर्ने, शिक्षामालगानीगर्ने, शैक्षिक गुणस्तर बढाउने, जस्ता राज्यको नीतिलाई आत्मा साथगदै, देउमाई नगरपालिकाद्धारा यो नगर प्रमुख छात्रावृत्तिकोष संचालनकार्यविधि २०७६ स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

संक्षिप्तनाम र परिभाषा :

१. संक्षिप्तनाम र प्रारम्भ : यस कार्यविधिको नाम"नगर प्रमुख छात्रवृत्ती कोष संञ्चालनकार्यविधि २०७६ रहनेछ । र यो कार्यविधिकार्यपालिका बैठक बाट पास भएको मितिदेखीलागु हुनेछ ।

२. परिभाषा : विषयवाप्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि"भन्नाले देउमाई नगरपालिका, नगर प्रमुख छात्रावृत्ती सम्बन्धिकार्यविधि २०७६" सम्झनुपर्छ ।

ख) "नगर प्रमुख छात्रवृत्ती समितिभन्नाले"नगर कार्यपालिकाको बैठकबाट गठित नगर प्रमुख छात्रवृत्ती समितिभन्ने सम्झनुपर्छ ।

## परिच्छेद- २
## उद्धेश्य :

क) नगरको शैक्षिकविकासमाविपन्नविद्‌यार्थीहरुलाई छात्रवृत्तिकामाध्यमले अध्यानगर्न सहयोग पुर्‌याउने,

ग) शिक्षामा स्वास्थ्यप्रतिस्प्रर्धाको भावनाजागृत गराई देशभक्त , स्वाभिमानी, समाजप्रतिउत्तरदायी, अनुशासित , परिश्रमी,नैतिकवान,जागरुक र परिवर्तन प्रति सचेत विद्‌यार्थी तयार गर्ने ।

घ) टोल,चोक र सडक अदिलाई स्वच्छ र सफा राख्न शैक्षिक संस्थाहरुलाई परिचालनगर्ने ।

ङ) शिक्षाको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावानप्रति सचेत गराउने,

च) शिक्षामाबालबालिकाहरुको सहभागीताअभिबृद्धि गर्न प्रोत्साहनगर्ने ।

ज) शैक्षिकगतिविधिहरुलाई संस्थागत रुपमाप्राविधिकधारलाईविकास गदै लैजाने ,

झ) बौद्धिक श्रम गर्ने विधार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारिरीकव्यायाम खेलकुदव्यवस्थागर्न सहयोग पुर्‌याउने ।

ठ) नगरपालिकाअर्न्तगतका शैक्षिक संस्थाहरुमाशिक्षकहरुको व्यवस्थागर्न प्रोत्साहनगर्ने ।

ड) नगर शिक्षा समितिअर्न्तगतशिक्षकहरुलाई स्तरिकरण गर्ने तालिमको व्यवस्थागर्ने ,

## परिच्छेद- ३
## नगर प्रमुख छात्रवृत्ती विद्‌यार्थी छनोट मुल्यांकन समितितथाकार्यविधिः

१. पहिलो बर्षमाभर्ना भएकाविद्‌यार्थी मध्ये उपरोक्तमुल्यांकनकाआधारमाअंकप्राप्तगर्ने बढीमा ९ जनाविद्‌यार्थीलाई छात्रावृत्ती प्रदानगरिनेछ ,

२. विद्‌यार्थी छनोट मुल्यांकन समिति :

क. देउमाई नगरपालिकाप्रमुख- संयोजक

ख. देउमाई नगरपालिकाकाप्रमुखप्रशासकीयअधिकृत - सदस्य

ग. सम्बन्धितनगरपालिका सामाजिकविकास समिति संयोजक- सदस्य

घ. सम्बन्धीत न.पा. शिक्षायुवातथा खेलकुदशाखाप्रमुख- सदस्य

ङ. सम्बन्धितविद्‌यालयका प्र.अ. - सदस्य सचिब

देउमाई नगरपालिका

३. विद्यालयले छात्रवृत्ती मागगर्ने निवेदनप्रकाशितगर्ने प्राप्तभएको निवेदन र आवश्यक पर्ने प्रमाणित प्रतिलिपीहरु मुल्यांकन समितिमा १५ दिनभित्रमा पेश गर्ने । यसको लागिविद्यालयले छात्रवृत्ती समिति गठन गर्न सक्नेछ ।

४. विद्यार्थी छनोटको आधार :

क. विद्यार्थी देउमाई नगरपालिकाभित्र स्थाई बसोबास भएको हुनु पर्नेछ ।

ख. आर्थीक रुपमाविपन्न, कमजोर भएको वडा समितिको सर्जमिन मुचुल्का सहितको सिफारीस पत्र ।

ग. कक्षा आठको अन्तिम परीक्षाको उपलब्धी मुल्यांकनको परिणाम ।

घ. कक्षा ९को प्रथम त्रैमासिक परिक्षाको उपलब्धी मुल्यांकन ।

५. मुल्यांकनको मुख्यआधार आर्थीक विपन्नता र उपलब्धी मुल्यांकनलाईमानिने छ ।

६. छात्रवृत्ती प्राप्तगर्ने विद्यार्थीले पालनगर्नुपर्ने नियमहरु

क. वार्षिक परिक्षाको सबै सैद्धान्तिक विषयहरुमाअनिवार्य उतिर्ण हुनुपर्ने ।

ख. चारित्रीकविचलनहुने कुनै क्रियाकलापमा संलग्ननभएको ।

ग. प्राविधिकधारमाभर्ना भएर पढाईलाई कक्षा १२ सम्मनिरन्तरतादिईने प्रतिवद्धता गर्नुपर्ने ।

घ. विद्यालयमानियमित र अनुशासित रहनुपर्ने ।

७. छात्रवृत्ती प्राप्तगर्ने विद्यार्थी विभिन्नकारणवाट विद्यालयविचैमा छाडेमावा छात्रवृत्ती प्राप्तगर्ने आधार नभएमा वैकल्पिक लिष्टमा विद्यार्थीहरुलाई योग्यता लिष्टको आधार दिईनेछ ।

८. देउमाई नगरपालिकावाट छात्रवृत्ती रकम मुल्यांकन समितिको सिफारीस पश्चातविद्यालय संग सम्झौता गरी एकमुष्ठ नगर छात्रवृत्ती कोषमानिकासादिईनेछ ।

९. एका घरकादुई वा सो भन्दा वढी विद्यार्थीहरु उपलब्धि र अनुशासितमा अगाडी देखिएमाविशेष प्राथमिकिकरणमा छनोट गरिने छ ।

१०. विद्यालयको नगर प्रमुख छात्रवृत्ती कोषमाजम्माभएको रकमवाट प्राप्तहुने छात्रवृत्ती पाउनु अगाडीनै विद्यालयमातिर्नु पर्ने रकमचुक्ता गरी सक्नु पर्नेछ ।

११. विद्यालयले जम्माकक्षागतविद्यार्थी मध्ये १५ जनाविद्यार्थीलाई छात्रवृत्ती छनोटको लागिउल्लेखितआधार सहितसिफारीस गर्नेछ । सो मध्ये ९ जनाविद्यार्थीलाई नगर प्रमुख छात्रवृत्ती मुल्यांकन समितिले चौमासिक रुपमा छात्रवृत्तीको लागि छनोट गर्नेछ ।

१२.उक्तछात्रवृत्ती प्राविधिकधार अध्ययनगर्ने विद्यार्थीहरुले मात्रपाउने छन ।

१३. प्रत्येक वर्ष देउमाई नगरपालिकाको कार्यालयवाट यस कोषकालागि ९ लाख रुपैया विनियोजितहुनेछ ।

१४. प्रत्येक बर्ष विद्यालय र नगरपालिकावीच सम्झौता भएपछि रकमकोषमाउपलब्ध गराईनेछ ।

१५. नगरपालिकाबाट प्राप्तहुने अनुदानविद्यालयले नगर छात्रवृत्ती कोष खडा गरी संचालनगर्नु पर्नेछ ।

देउमाई नगरपालिका

आज्ञाले,

प्रेमप्रसाददाहाल
प्रमुखप्रशासकीयअधिकृत

देउमाई नगरपालिका